**आकाशवाणी समाचार- नेपाली**

मितिः २७ फरवरी २०२६

समयः ०७:२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- भारत र इजरायलले सांस्कृतिक आदानप्रदान, भूभौतिकीय अन्वेषण, मत्स्य पालन र जलीय कृषि, यूपीआई र आर्टिफिसियल इन्टेलिजेन्सको प्रयोगद्वारा शिक्षाको प्रवर्द्धन सहित धेरै क्षेत्रहरूमा समझौता ज्ञापनहरू आदान-प्रदान गरेको छ।
- प्रधानमन्त्री नरेन्द्र मोदीले आज बिहान भिडियो कन्फरेन्सको माध्यमबाट विकसित भारतका लागि प्रौद्योगिकी,सुधार र वित्त सम्बन्धी बजेट पछिको वेबिनारलाई सम्बोधन गर्नुहुनेछ।
- राष्ट्रपति द्रौपदी मुर्मुले आज बिहान जैसलमेर वायु सेना स्टेशनमा स्वदेशी रूपमा विकसित लाइट कम्ब्याट हेलिकप्टर एल.सी.एच 'प्रचण्ड' मा यात्रा गर्नुहुनेछ।
- केन्द्रीय रेल मन्त्री अश्विनी वैष्णवले यस वर्ष ५२ हप्तामा ५२ वटा सुधारहरू गर्ने भारतीय रेलवेको संकल्पको एक भागको रूपमा दुई थप सुधारहरूको घोषणा गर्नुभएको छ।
- भारतीय जनसंचार संस्थान- आई.आई.एम.सी को ५७औँ दीक्षान्त समारोह आज नयाँ दिल्लीमा आयोजना हुँदैछ।

**भारत - इजरायल -सम्झौता ज्ञापन**

भारत र इजरायलले सांस्कृतिक आदानप्रदान, भूभौतिकीय अन्वेषण, मत्स्य पालन र जलीय कृषि, यूपीआई र आर्टिफिसियल इन्टेलिजेन्सको प्रयोगद्वारा शिक्षाको प्रवर्द्धन सहित धेरै क्षेत्रहरूमा समझौता ज्ञापनहरू आदान-प्रदान गरेको छ। प्रधानमन्त्री नरेन्द्र मोदी र इजरायलक प्रधानमन्त्री बेन्जामिन नेतन्याहूबीच प्रतिनिधिमण्डल स्तरको वार्तापछि यी सम्झौताहरूमा हस्ताक्षर गरिएको थियो। एक पत्रकार सम्मेलनलाई सम्बोधन गर्नुहुँदै श्री मोदीले भन्नुभयो, भारत-इजरायल सम्बन्ध गहिरो विश्वास, साझा लोकतान्त्रिक मूल्यहरू र गहिरो मानवीय संवेदनशीलताको बलियो जगमा आधारित छ। उहाले अझ भन्नुभयो - यो बन्धन समयको परीक्षामा उभिएको छ। प्रधान मन्त्री श्री मोदीले भन्नुभयो, आज दुवै पक्षहरूले यस दीर्घकालीन साझेदारीलाई विशेष रणनीतिक साझेदारीको दर्जामा स्तरोन्नति गर्न ऐतिहासिक निर्णय गरेका छन्। नौ वर्षअघि इजरायलको भ्रमण गर्ने पहिलो प्रधानमन्त्री बन्ने सौभाग्य पाएको उहा ले बताउनु भयो । श्री मोदीले इजरायलको ऐतिहासिक भूमिमा फेरि एक पटक पाइला राख्नु आफ्नो लागि गर्व र भावनाको क्षण भएको बताउनुभएको छ। उहाँले भन्नुभयो, आज दुवै पक्षले रणनीतिक र उदीयमान प्रविधि साझेदारी स्थापना गर्ने निर्णय गरेका छन्। प्रधानमन्त्री श्री मोदीले भन्नुभयो, यसले कृत्रिम बुद्धिमत्ता, क्वान्टम तकनिकी र महत्वपूर्ण खनिज जस्ता क्षेत्रहरूमा सहयोगलाई नयाँ गति दिनेछ। उहाले इजरायलमा युपीआई प्रयोगका लागि सहमति भएको जानकारी दिनुभयो ।

**1- Byte प्रधानमन्त्री**

प्रधानमन्त्री नरेन्द्र मोदीले मुक्त व्यापार सम्झौतालाई चाँडै अन्तिम रूप दिइने बताउनु भएको छ।

2-byte प्रधानमन्त्री

**प्रधानमंत्री नरेन्द्र मोदी – वेबिनार**

प्रधान मन्त्री नरेन्द्र मोदीले आज बिहान भिडियो कन्फरेन्सको माध्यमबाट विकसित भारतका लागि **प्रौद्योगिकी,**, सुधार र वित्त सम्बन्धी बजेट पछिको वेबिनारलाई सम्बोधन गर्नुहुनेछ। वेबिनारमा सार्वजनिक पुँजी व्यय , बुनियादी ढांचा, बैंकिङ क्षेत्र

सुधार, वित्तीय क्षेत्र प्रबन्धन , पूँजी बजारको सुदृढीकरण र कर सुधारको माध्यमबाट जीवनयापनलाई सजिलो बनाउने जस्ता मुद्दाहरूमा चर्चा  हुनेछ। केन्द्रीय बजेट 2026-27 को मुख्य विषयहरूमा बजेट पछि हुने  वेबिनारहरूको श्रृंखलामा यो पहिलो अनलाइन संगोष्ठी हो। यी संगोष्ठी को उद्देश्य विगतका अनुभवबाट प्राप्त गर्नु र प्रतिभागीहरुबाट प्रतिक्रिया प्राप्त गर्नु हो  तथा व्यावहारिक अनुभवहरुका आधारमा बजेट घोषणाहरुको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्नु हो ।

**भारत-इजरायल मुक्त  व्यापार सम्झौता**

भारत-इजरायल मुक्त  व्यापार सम्झौता (एफटीए) को लागि पहिलो चरणको वार्ता हिज  नयाँ दिल्लीमा सफलतापूर्वक सम्पन्न भयो। चार दिनसम्म चलेको वार्तामा दुवै देशले वस्तु तथा सेवाको व्यापार, उत्पत्तिका नियम, व्यापारका लागि तकनिकी अवरोध, सीमा शुल्क  प्रक्रिया, बौद्धिक सम्पत्ति अधिकार, डिजिटल व्यापार र अन्य महत्वपूर्ण विषयहरूमा चर्चा गरेका थिए। दुवै पक्षले एक व्यापक, सन्तुलित र पारस्परिक लाभका सम्झौताका लागि वार्ता गर्ने आफ्नो उद्देश्यलाई दोहोर्याई रचनात्मक र अग्रगामी ढंगले चर्चा  भएको थियो । व्यापार र आर्थिक सहयोग बढाउनका लागि पहिचान गरिएका क्षेत्रहरूमा चर्चाका लागि एक संरचित ढाँचा स्थापना गर्दै गत वर्ष नोभेम्बरमा एफटीएका लागि सन्दर्भ सर्तहरूमा हस्ताक्षर गरिएको थियो। प्रधान मन्त्री नरेन्द्र मोदीले बुधबार जेरुसलेममा नेसेटको विशेष बैठकमा सम्बोधन गर्नुहुँदै  दुई देशहरूबीच अप्रयुक्त व्यापार सम्भावनालाई साकार गर्न एक महत्वाकाङ्क्षी मुक्त  व्यापार सम्झौतालाई शीघ्र अन्तिम रूप दिन आह्वान गर्नुभयो।

**राष्ट्रपति द्रौपदी मुर्मु-राजस्थान**

राष्ट्रपति द्रौपदी मुर्मु दुई दिवशीय  भ्रमणमा हिज  साँझ राजस्थानको जैसलमेर पुग्नुभयो । उहाँले आज बिहान जैसलमेर वायु सेना स्टेशनमा स्वदेशी रूपमा विकसित लाइट कम्ब्याट हेलिकप्टर (एलसीएच) 'प्रचण्ड' मा यात्रा गर्नुहुनेछ। यो कार्यक्रम उहाको राजस्थान भ्रमणको एक हिस्सा हो। 'प्रचण्ड'मा उडान भरेपछि राष्ट्रपति मुर्मु  अन्य निर्धारित कार्यक्रममा भाग लिनुहुनेछ  । एलसीएच 'प्रचण्ड' हिन्दुस्तान एरोनोटिक्स लिमिटेड एच.ए.एल द्वारा निर्मित भारतको पहिलो स्वदेशी डिजाइन  र विकसित लडाकु हेलिकप्टर हो। यो हेलिकप्टर मरुभूमिदेखि उच्च उचाइसम्म विभिन्न भू-भागहरूमा उडान गर्न तयार  गरिएको छ। राष्ट्रपति मुर्मु आज साँझ भारत-पाकिस्तान सीमा नजिकै पोखरण फिल्ड फायरिङ रेन्जमा भारतीय वायु सेनाको विशाल प्रदर्शन 'वायु शक्ति'मा भाग लिनुहुनेछ I  कार्यक्रममा वायुसेनाका विभिन्न विमानले आफ्नो परिचालन क्षमता प्रदर्शन गर्नेछन् । कार्यक्रममा राष्ट्रपति द्रौपदी मुर्मु , रक्षामन्त्री राजनाथ सिंह, मुख्यमन्त्री भजनलाल शर्मा पनि उपस्थित रहनुहुनेछ I

**केन्द्रीय रेल मन्त्री-सुधार**

केन्द्रीय रेल मन्त्री अश्विनी वैष्णवले यस वर्ष ५२ हप्तामा ५२ वटा सुधारहरू गर्ने भारतीय रेलवेको संकल्पको एक भागको रूपमा दुई थप सुधारहरूको घोषणा गर्नुभएको छ I  राष्ट्रिय राजधानी नया दिल्लीमा एक पत्रकार सम्मेलनलाई सम्बोधन गर्नुहुदै केन्द्रीय रेल मंत्री श्री अश्विनी वैष्णवले तेस्रो सुधार, रेल टेक नीति अनावरण गर्नुभयो , जसको उद्देश्य रेलवेमा ठूलो मात्रामा तकनिकीको प्रयोगलाई बढावा दिनु हो। उहाँले भन्नुभयो, भारतीय रेलवेको उद्देश्य रेलवेमा नवीनतालाई बढावा दिन नवप्रवर्तनकर्ताहरू, स्टार्टअपहरू, उद्योग र संस्थानहरूलाई संलग्न गर्नु हो।

3 -Byte-अश्विनी वैष्णव

**क्यानडा-प्रधान मन्त्री -भारत भ्रमण**

क्यानडाका प्रधानमन्त्री मार्क कार्नी भारतको चार दिवशीय  भ्रमणमा आज  मुम्बई आइपुग्नु हुनेछ ।  श्री कार्नीको भारतको पहिलो आधिकारिक भ्रमण हुनेछ। श्री कार्नीले  २ मार्च मा नयाँ दिल्लीमा प्रधानमन्त्री नरेन्द्र मोदीसँग प्रतिनिधिमण्डलस्तरीय वार्ता गर्नुहुनेछ। दुई नेताले भारत-क्यानडा रणनीतिक साझेदारीका विभिन्न क्षेत्रहरूमा भएको प्रगतिको समीक्षा गर्नुहुनेछ।

**भारतीय जनसंचार संस्थान- 57वां दीक्षांत समारोह**

भारतीय जनसंचार संस्थान-  आईआईएमसी को ५७औं दीक्षान्त समारोह आज नयाँ दिल्लीमा आयोजना हुँदैछ। कार्यक्रममा उपराष्ट्रपति सीपी राधाकृष्णनको मुख्य  अतिथि  रहनुहुनेछ  । आइ.आइ.एम..सीका कुलपति तथा सूचना तथा प्रसारण मन्त्री अश्विनी वैष्णवले समारोहको अध्यक्षता गर्नुहुनेछ। आइ.आइ.एम.सीका. छ.वटै क्याम्पसका विभिन्न कोर्षका उत्कृष्ट

बिधार्थीहरुलाई २३ नगद पुरस्कारसहित ३५ पदक प्रदान गरिनेछ। यस अवसरमा उपराष्ट्रपति आई.आई.एम.सी, नयाँ दिल्लीमा नयाँ अकादमिक ब्लक र छात्रावास ब्लकको आधारशिला राख्नुहुनेछ। सूचना तथा प्रसारण मन्त्री अश्विनी वैष्णवले इन्क्युबेशन सेन्टरमा क्रिएटर्स लाउन्जको उद्घाटन गर्नुहुनेछ